# डोल्पो बुद्ध गाउँपालिका

༄། དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྐྱི་ཁྲབ་ལྷན་ཁང་།

## Dolpo Buddha Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

ढो, डोल्पा

कर्णाली प्रदेश, नेपाल

प.स: २०८१/०८२ | च.नं. ८०६ | मिति: २०८२।०२।२०

नेपाल सम्वत ११४५ तछलाथ्य अष्टमी।

**विषय: कार्यक्रम र बजेट पेश गर्ने बारे।**

श्री डोल्पोबुद्ध गाउँपालिकामा कार्यरत सम्पूर्ण संस्था समुहहरु, डोल्पा।

डोल्पोबुद्ध गाउँपालिका डोल्पाले आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा कार्यलाई सघन रुपमा सञ्चालन गरिरहेको हुदाँ गाउँपालिकामा हाल र आगामी आर्थिक वर्षमा कार्यक्षेत्र रहने विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय गैर सरकारी संस्था, सहकारी, गुम्बा व्यवस्थापन समिति, उपभोक्ता निर्माण समिति, युवा क्लब, टोल सुधार समुह लगायत सम्बद्ध सबै निकाय वा समितिहरुले भौतिकपूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, वन वातावरण, विपद् व्यवस्थापन र संस्थागत सुशासन तथा क्षमता विकास क्षेत्रमा परियोजना गतिविधिहरु सञ्चालन गर्नको लागि परियोजना तथा कार्यक्रमको कूल बजेट, कार्यक्रमको परिमाण, कार्यान्वयन विधि, लाभान्वित समुह, सङ्ख्या र कार्यक्रमको विषयक्षेत्र छुट्टिने गरी प्रस्तावित कार्यक्रम तयार गरी २०८२ असाढ ३१ गते सम्म निम्नानुसारको ठेगानामा पेश गर्न सूचित गरिन्छ।

गाउँपालिकाले लिएको विकासको दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्यलाई पुरा गर्न यहाँले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै आगामी दिनमा थप प्रभावकारी सहयोग, सहभागिता, सहकार्य र समन्वयको अपेक्षा गर्दछौं।

**नोट: वार्षिक कार्यक्रम तथा बजेट सभा मार्फत स्वीकृत गर्नुपर्ने नीतिगत व्यवस्था रहेको र वार्षिक नीति, कार्यक्रम र बजेट पुस्तिकामा समावेश नभएका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न र गराउन पालिका समर्थ हुने छैन।**

**कार्यक्रम पठाउने ठेगाना:**

**इमेल:** **ito.dolpobuddhamundolpa@gmail.com**/info@dolpobuddhamun.gov.np

**फेसबुक पेज: डोल्पो बुद्ध गाउँपालिका**

**थप जानकारीका लागि**

**ओखराम तारम मगर, सम्पर्क नं.: ९८५८३६६०९२**

**कार्यार्थ:**

सूचना प्रविधि शाखा-वेभसाइट र फेसबुक पेजमा अपलोड गरिदिन हुन।

मनबहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner